# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः२ खण्डः६ संख्याः३ मितिः२०८२/०९/०२

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/२३
प्रमाणीकरण मिति : २०८२/०९/०२

**प्रस्तावना** :  स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानिय सरकारले प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने कृषि, पशुपन्छि तथा माछा पालनजन्य व्यवसायहरुमा यान्त्रिकरणको प्रबर्द्धन गरी कृषि उत्पादन लागत घटाउन, कृषकहरुलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउन साथै यस पालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यविधिको नाम "**लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि,२०८२**" रहेको छ।

ख. यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ। यो कार्यविधि खिजीदेम्वा गाउँकार्यपालिकाले स्विकृत भएपछि लागू हुनेछ।

२. परिभाषा :

**क.** "**व्यवसाय/फर्म**" व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छिको काम गरीएको पेशा वा कर्मलाई सम्झनु पर्छ।

**ख. "कृषक समूह"** भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कृषकहरूले गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका-२०८० बमोजिम दर्ता भएको संस्था वा समूह सम्झनु पर्ने।

**ग. "सहकारी"** भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कृषकहरूको सहकारी ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएका सहकारी संस्था सम्झनु पर्छ।

**घ. "व्यवसायी"** भन्नाले यस खिजिदेम्वा गाउँपालिका भित्रका कृषि तथा पशुपालन साथै अन्य व्यवसाय सम्बन्धि व्यक्ति वा संस्था सम्झनु पर्नेछ।

**ङ. "कार्यविधि"** भन्नाले लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि,२०८२ सम्झनु पर्नेछ।

**च. "स्थानीय तह"** भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनु पर्छ।

**छ. "कृषि यन्त्र उपकरण"** भन्नाले बाली, मत्स्य, मौरी आदी जस्ता कृषि उपजहरुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनु पर्छ।

**ज. "स्वलगानी"** भन्नाले साझेदारले अनुदान बाहेकको व्यहोर्ने रकमलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य :</u>

क. कृषि कर्ममा यान्त्रीकरण प्रवर्द्धन गर्ने,

ख. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

ग. कृषि उत्पादनमा लागत घटाउने,

घ. कृषिलाई आधुनिक, व्यवसायीक र प्रतिस्पर्धी बनाउने,

ङ. युवाशक्तिलाई कृषि उत्पादनमा आकर्षण गर्न,

च. कृषकहरुलाई अर्गानिक सामुहिक खेति (चक्लाबन्दि) मा आकर्शित गर्न।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालनको प्रक्रिया

४. **कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरणका लागि प्रस्ताव आव्हान :** (क) गाउँपालिकाले कृषि यन्त्र उपकरणको आपूर्ति गर्न १० लाख भन्दा माथिको सामाग्री खरिद गर्न परेमा टेन्डर आव्हान गरी ईच्छुक आपूर्तिकर्ताबाट टेन्डर प्रस्ताव पेश गर्न पन्ध्र दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बैंक ग्यारेन्टी वा सो बराबरको रकम धरौटी, निवेदन र अनुसूची-२ अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ।

५. **निवेदन माग तथा कार्यक्रम सञ्चालन :** (क) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरण लिन चाहने साझेदारका लागि निवेदन दिनलाई पन्ध्र दिनको म्याद दिई कृषि बिकास शाखाले अनुसूची-१ बमोजिम गाउँपालिका र वडाहरुको सूचना वोर्डमा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ।

(ख) अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूची-३ बमोजिम तोकिएको म्याद भित्र सम्बन्धित कृषि विकास शाखामा निवेदन दिनु पर्नेछ र अनुसूची-४ बमोजिम छनौटका लागि फाराम भर्नु पर्नेछ।

६. **मूल्याङ्कन समिति**ः(क) गाउँपालिकाको मूल्याङ्कन समितिले दुवै आपूर्तिकर्ता र साझेदारको आवेदनलाई मूल्याङ्कन गरेर छनौट गरिनेछ।

(ख) उपदफा (क) बमोजिमको आपूर्तिकर्ताबाट लिन लागेका कृषि यन्त्र उपकरणको टेक्निकल स्पेशिफिकेसनलाई समिति र कृषि विकास शाखाबाट सम्बन्धित विषयका विज्ञलाई खटाईनेछ।

(ग) उपदफा (क) बमोजिमको साझेदारको छनौटका लागि अनुसूची-५ को आधारमा मूल्याङ्कन गरिनेछ।

७. **सम्झौता :** (क) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ।

(ग) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन।

(घ)उपदफा (ख) बमोजिम सम्झौता गर्न नआएमा वा रितपुर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनःसूचना प्रकाशन गर्नु पर्नेछ।

८. **साझेदारको दायित्व :** (क) गाउपालिकाले छनौट गरेका साझेदारले कृषि यन्त्र उपकरण बुझ्ने समयमा लागत साझेदारीतर्फको रकम सम्झौता भएका गाउँपालिकाको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

(ख) साझेदारले अनुसूची-६ बमोजिमको सम्झौता कृषि विकास शाखासगँ गर्नुपर्नेछ।
(ग) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन्।
(घ) अनुदानबाट प्राप्त गरिएको कृषि यन्त्र उपकरणलाई कृषक समुह/सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।
(ङ) अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरणहरु कम्तिमा पाचँ बर्षसम्म अरुलाई विक्रि वितरण गर्न पाइने छैन्।

९. **भुक्तानी प्रक्रिया :** (क) स्वलगानीकर्ताहरुले आफुले व्यहोर्नुपर्ने रकम कृषि विकास शाखाबाट गाउँपालिकाको विविध बैंक खाताको विवरण लिई यस खातामा कृषि यन्त्र उपकरण लिनु अगावै जम्मा गर्नु पर्नेछ।
(ख) उपदफा (क) बमोजिम जम्मा गरेको रकमको भौचर कृषि विकास शाखामा बुझाएर कृषि यन्त्र उपकरण लिनुपर्नेछ।
(ग) गाउँपालिकाको विविध खातामा जम्मा भएको रकम सहित आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

१०. **आपूर्तिकर्ताको दायित्व :** कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ताले देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ।
(क) आपूर्तिकर्ताले कृषि यन्त्र विक्रि वितरणका लागि गाउँपालिकाले माग गरेको सूचना बमोजिमको अनुसूची-२ अनुसारको दररेट प्रस्ताव पेश गर्नुपर्नेछ।
(ख) उपभोक्तालाई गुणस्तरिय कृषि यन्त्र उपकरण माग गरिएको समयमानै उपलब्ध गराउनु पर्नेछ।

(ग) आपूर्तिकर्ताले साझेदारलाई कृषि यन्त्र उपकरण तथा औजार संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्नेछ।

(घ) अनुदानमा वितरित कृषि यन्त्र उपकरण तथा औजारमा अनुसूचि-७ ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखी अनिवार्य टाँस गर्नुपर्ने छ।

(ङ) आपूर्तिकर्ताले कृषि यन्त्र उपकरणको साथमा पाउने Tools Box अनिवार्य रुपमा उपलब्ध गर्नुपर्नेछ।

(च) यदि बिग्रिएको यन्त्र उपकरण विक्रि गरिएमा सम्बन्धित आपूर्तिकर्ताले फिर्ता लिनुपर्ने र गाउँपालिका सम्म ढुवानिको क्रममा यन्त्र उपकरण कुच्चिए वा बिग्रिएमा आपुर्तिकर्ताले नै मर्मत गर्नु पर्नेछ।

११.**<u>विशेष प्राथमिकता :</u>** कृषि यान्त्रिकरण वितरणका लागि अर्गानिक सामुहिक कृषि खेति (चक्लाबन्दि खेति) समुह, सहकारी खेति समुह, महिला कृषक समुह, कृषक समुह, निजी फर्मलाई प्राथामिकता दिइनेछ।

१२.**<u>अनुगमन तथा मूल्याङ्कन :</u>** यस कार्यक्रमको अनुगमन कृषि विकास शाखाको प्राविधिक र गाउँपालिकाको अनुगमन समितिको सदस्यहरुले गर्नेछ।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष</u>

१३.**<u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष :</u>** (क) स्वीकृत वार्षिक कार्यक्रमको बजेटमा व्यवस्था भए बमोजिमका कृषि यन्त्र उपकरणमा उपलब्ध

गराइने अनुदान गाउँपालिकाको कृषि विकास समितिको सिफारिसमा कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ।

(ख) उपदफा (क) का कार्यक्रम प्रदेश वा संघिय सरकारबाट आएको भए सम्बन्धित कार्यविधि अनुरुप हुने।

(ग) कार्यक्रम बजेटको चार प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन आदि कार्यमा खर्च गर्नेछ।

१४.**कारबाहीको व्यवस्था :** (क) आपूर्तिकर्ताले तोकिए बमोजिमको कृषि यन्त्र उपकरण उपलब्ध नगराए, बिग्रिएको यन्त्र उपकरण विक्रि वितरण गरिए, समयमा आपुर्ति नगरिएमा काम नगर्ने आपूर्तिकर्तालाई गाउँपालिकाको प्रचलित कानून बमोजिम कारवाही गर्नेछ।

(ख) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ वा प्रचलित कानुन बमोजिम कारवाही गर्नेछ।

१५.**संशोधन :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा गाउँपालिकाले संशोधन गर्न सक्नेछ।

१६.**प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची-१**

**साझेदारको लागि प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/ /

खिजीदेम्वा गाउँपालिका कृषि विकास शाखाको आ.व. २०......... को स्वीकृत वार्षिक कार्यक्रम लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि, २०८२, अनुसार ......................................कार्यक्रममा सहभागी हुन यस गाउँपालिका भित्रका चक्लाबन्दि खेति कृषक समुह, कृषक समुह, कृषक सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको १५ दिनभित्र कार्यलय समयमा कृषि विकास शाखामा देहाय बमोजिकका कागजात सहित आवेदन पेस गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ।

<u>तपसिल</u>

<u>पेस गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टरको कार्यलयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
३. साझेदारहरुको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
४. गत आ.व. को कर चूक्ता प्रमाण पत्र,
५. संस्थाको हकमा निर्णय प्रतिलिपि,
६. आवेदन प्रक्रियाको जिम्मेवारी दिइ खटाएको पदाधिकारीलाई अख्तियारी पत्र,
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
८. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि।

**अनुसूची-२**

**कृषि यन्त्र उपकरणको आपूर्तिका लागि आवेदन फारम**

१. फर्मको नाम
:...........................................................................
...............

२. प्रधान/केन्द्रिय कार्यालयको ठेगाना
:...................................................................
फोन
नं......................................ईमेल...................................
.........................

३. आधिकारिक व्यक्ति
:...........................................................................
......
पद :....................... फोन नं.........................
ईमेल...........................................

४. फर्मको दर्ता नं.................... दर्ता गरिएको कार्यालय
.............................................

५. प्यान/भ्याट दर्तन नं................................. दर्ता
मिति...........................................

६. व्यापारको
प्रकार/उद्वेश्य.................................................................
...................

७. फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको दर तथा विस्तृत विवरणहरु (उपयुक्त क्याटालग, स्पेशिफिकेसन आदि संलग्न राख्ने)

| उपकरणको नाम | उपकरणको स्पेशिफिकेसन विवरण | ब्राण्ड | मोडल | पावर | प्रति इकाई लागत (भ्याट र ट्याक्स सहित) | उपकरण बाकस सहित निशुल्क स्पेयर पार्ट | बिक्रि पश्चात निशुल्क सर्भिस (पटक) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. स्पेयर पार्टहरुको उपलब्धता (आवश्यक परेमा छुट्टै पानामा समावेश गर्ने) :

| क्र.स. | स्पेयर पार्टको नाम | संख्या | दर | जम्मा रकम (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

९. अन्य उपलब्ध गर्नु पर्ने कागजातहरु

क. विगत ३ वर्षको वित्तिय अवस्था (विगत ३ वर्षको लेखा परीक्षण प्रतिवेदन संलग्न गर्ने)-वासलातको विवरण, आयको विवरण, वित्तिय स्रोतहरुको विवरण आदि

ख. कार्यरत जनशक्तिको क्षमता :

ग. प्रत्येक उपकरण तथा मेशिनरीहरुको पर्फरमेन्स जाँच सर्टिफिकेट

घ. पेशागत / व्यवसायिक अनुभवहरु

ङ. विशिष्ट / अन्य अनुभवहरु

च. सर्भिस सेन्टरहरु

प्रस्तुत गरिएका सबै कुरा सत्य हुन, झुटा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| कार्यालयको छाप | (आधिकारिक व्यक्तिको सहि)<br>नाम :<br>पद : |

## अनुसूची-३

**अनुदानमा कृषि यान्त्रिकरण तथा औजार उपकरण प्राप्त गर्न चाहने साझेदारले खिजीदेम्वा गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्ने निवेदनको ढाँचा**

मितिः २०..../...../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खिजीदेम्वा गाउँपालिका
खिजिफलाटे, ओखलदुङ्गा

विषयः कृषि यन्त्र उपकरण तथा औजार अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि क्षेत्रमा उपयोग गर्नका लागि "लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि, २०८२" अनुसार मिति...........................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्यको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु यसै साथ माग फाराम संलग्न गरी कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउनका लागि यो निवेदन पेस गरेको छु/छौं।

**निवेदक**

१.

दस्तखत :

२.

नाम :

३.

साझेदारको नाम :
पद :
सम्पर्क नं.
साझेदारको छाप :

**अनुसूची-४**

**<u>कृषि यान्त्रिकरण तथा औजार उपकरण अनुदानमा लिन साझेदार संस्थाले</u>**
**<u>प्रारम्भिक छनौटको लागि भर्ने फारम</u>**

(क) साझेदारको विवरण :

१. संस्थाको नाम :..........................................................................
२. अधिकार प्राप्त पदाधिकारीको नाम : ................................. नागरीकता प्र.प.न..........
३. संस्था दर्ता नं.............दर्ता मिति.......................... दर्ता निकाय..........................
४. स्थायी ठेगाना : जिल्ला................ गा.पा./न.पा...................वडा नं.......टोल.........
५. हालको ठेगाना : जिल्ला................गा.पा./न.पा...................वडा नं.......टोल.........
६. सम्पर्क नं.: ..................................................................................
७. खाता रहेको बैंकको नाम : ..................ठेगाना................. खाता नं....................
८. साझेदारको PAN No. :.......................................................................
९. सदस्य संख्या : .....................................महिला....................पुरुष................
१०. लाभान्वित कृषक संख्याः प्रत्यक्ष..............................अप्रत्यक्ष....................
११. प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | यन्त्र उपकरणको नाम | मोडल | स्पेशिफिकेसन | मूल्य रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१२. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने क्षेत्र.......................................

| सि.नं. | जिल्ला | गाउँ/नगरपालिका |
|---|---|---|
| | | |
| | | |

१३. कृषि यन्त्र उपकरण र प्रविधि अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संग्लन हुन सहमत छु/छौ। माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरिएमा प्रचलित कानुनी कारबाही भएमा राजी छु/छौ। मलाई/हामीलाई त्यस गाउँपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं।

**निवेदकको सही :..............................**

**मिति :..........................................**

**अनुसूची-५**

**स्थलगत प्रमाणिकरण र मूल्याङ्कनका आधार (फाराम)**

१. कृषि समुह/ सहकारी/ निजि फर्म उपभोक्ता नामः.................................................

२. ठेगानाः.......................................................................................................

३. सम्पर्क व्यक्तिको नामः.................................. सम्पर्क नं.....................................

४. लगानी उपक्षेत्रको विषयः

| क.स. | मूल्याङ्कनको आधार सूचक | अवस्था | कारण उल्लेख गर्ने |
|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | (छ/छैन) | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता (नियमित बैठक आदि) | (सक्रिय/निश्क्रिय) | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | (एकल / समूह) | |
| ४ | खेती गर्ने बालीको विवरण | | |
| ५ | जग्गाको विवरण | | |
| ६ | समुह/ सहकारी/ निजि फर्मले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | | |
| ७ | समुह/ सहकारीको समावेसी र सामाजिक विवरण | | |
| ८ | आर्थिक / हितकोषको अवस्था | | |

| | | | |
|---|---|---|---|
| ९ | भौतिक पूर्वाधार (सिचाइ, सडक, विद्युत आदि) | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | | |
| ११ | कृषि समुह/ सहकारी/ निजि फर्मले विगतका वर्षहरुमा कृषि विकास शाखाबाट कृषि यन्त्र उपकरण लिएको वा नलिएको | | |

प्रमाणिकरण गर्नेको नाम:...................

पद:...........................................

सहि:...........................................

कार्यालय:.....................................

**अनुसूची-६**

**साझेदार र खिजीदेम्वा गाउँपालिका कृषि विकास शाखा बीचको सम्झौता-पत्र**

खिजीदेम्वा गाउँपालिका कृषि विकास शाखाको आ.व.२०...../....... को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत .................................कार्यक्रम संचालनको लागि मिति २०.........मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री................................ को प्रस्ताव छनौट भएको हुंदा कृषि विकास शाखा, ............................(यसपछि प्रथम पक्ष भनिने) र श्री ................................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनका लागि द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं।

**तपशिल**

१. प्रथम पक्षले कृषि यन्त्र उपकरण तथा औजारको परल मूल्यको ५० देखि ७५ प्रतिशत वा कार्यपालिका निर्णय बमोजिको प्रतिशतमा अनुदान रकम बराबरीको कृषि यन्त्र उपकरण उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले कृषि यन्त्र उपकरण तथा औजारको अनुदान मूल्य बाहेकको रकम स्वालगानी गर्नुपर्नेछ।

३. दोस्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्र उपकरण तथा औजार स्वलगानी रकम रु..............
गाउँपालिकाको विविध खाता नं.................................................मा जम्मा गर्नु पर्नेछ।

४. दोस्रो पक्षले जम्मा गरेको रकमको सक्कल भौचर सम्बन्धित कृषि विकास शाखामा बुझाएर कृषि यन्त्र उपकरण लिनु पर्नेछ।

५. कृषि यन्त्र उपकरण ल्याईसकेपछि बिग्रिए, टुटफुट भएमा दोस्रो पक्ष स्वयमले मर्मत गर्नुपर्नेछ।

६. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनकम लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचालित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

**<u>दोस्रो पक्षको तर्फबाट :</u>**

हस्ताक्षर :

नाम :

पद :

ठेगाना :

**<u>पहिलो पक्षको तर्फबाट</u>**

हस्ताक्षर :

नाम :

पद :

कार्यालय :

इति ....शुभम्।

**अनुसूची-७**

**अनुदानमा प्रबाहमा उपलब्ध हुने कृषि यान्त्रिकरण तथा औजार उपकरणमा**
**आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा**

| |
|---|
| स्थानिय सरकार<br>कोशी प्रदेश, विराटनगर<br>**खिजीदेम्वा गाउँपालिका, कृषि विकास शाखा**<br>**बाट अनुदान प्राप्त**<br>आ.व.ः-..........................<br>आपूर्तिकर्ता ः-................. |

**आज्ञाले**
**नबिना गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**